नीलकण्ठ राजपत्र

नीलकण्ठ नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९) धादिङवेसी, धादिङ (संख्याः ५ मितिः २०८२।०३।२४


भाग – २

## नीलकण्ठ नगरपालिका

# नीलकण्ठ नगरपालिका लघु उद्यमी समूह (दर्ता तथा व्यवस्थापन) कार्यविधि,२०८२

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०३।०४

**प्रस्तावना**

नीलकण्ठ नगरपालिकामा लघु उद्यम/लघु उद्यमी समूहको दर्ता, नवीकरण, खारेजी, नियमन, प्रवर्द्धन र व्यवस्थापन गर्न वान्छनीय देखिएकाले नीलकण्ठ नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकारी प्रयोग गरी नगर कार्यपालिकाले देहाय बमोजिमको नीलकण्ठ नगरपालिका **लघु उद्यमी समूह (दर्ता तथा व्यवस्थापन) कार्यविधि, २०८२** बनाई स्वीकृत गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**लघु उद्यमी समूह (दर्ता तथा व्यवस्थापन) कार्यविधि,** २०८२" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गरे पश्चात लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क)"लघु उद्यमी" भन्नाले गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका-२०७७ तथा औद्योगकि व्यवसाय ऐन, २०७६ अनुसार नाफा कमाउने उद्देश्यले प्रचलित कानुन वमोजिम सम्विन्धत निकायमा दर्ता गरी उद्योग/व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा समूह सम्झनु पर्छ।

(ख) "लघु उद्यम" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को उपदफा (१) को खण्ड (क) वमोजिमको लघु उद्यम सम्झनु पर्छ।

(ग) "लघु उद्यमी समूह" भन्नाले गरीवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा २६ वमोजिम सम्पूर्ण प्रकृया अनुसार व्यक्तिगत वा सामूहिक रुपमा निश्चित उद्यम/व्यवसाय सञ्चालन गर्ने गरी गठित कम्तिमा ५ देखि ११ जना सम्मको समूह सम्झनु पर्छ। यसले लघु उद्यम गर्नको लागि गठन भएको अन्य समूहलाई पनी जनाउछ।

(घ) "कार्यसमिति" भन्नाले लघु उद्यमी समूह गठनका क्रममा चयन गरिएको कार्यसमिति सम्झनु पर्छ।

(ङ) "मासिक वैठक र वचत" भन्नाले प्रत्येक लघु उद्यमी समूहहरु प्रत्येक महिनाको तोकिएको दिन र समयमा सम्विन्धत समूहको अध्यक्षको अध्यक्षतामा वैठक वसी प्रत्येक सदस्यहरु द्वारा गरिने सामूहिक वचत भनी सम्झनु पर्छ।

(च) "उद्यम/व्यवसाय" भन्नाले कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा २७ तथा नगरपालिका तथा अन्य निकाय/कार्यालयबाट दिईएको उद्यमशिलता विकास तालिम लिएका सहभागिहरु मध्येवाट व्यवसायिक योजना, छनौट भएको उद्यमको प्रकृति र आवश्यकताको आधारमा विभिन्न समूहमा आवद्ध गरी आवश्यकता अनुसार छोटो, मध्यम वा लामो अवधिको सीप विकास तालिम लिई व्यक्तिगत, साझेदारी वा सामूहिक रुपमा गरिने पेशा सम्झनु पर्दछ।

(छ) "वजारीकरण" भन्नले लघु उद्यमी मार्फत उत्पादित वस्तु/सेवाका लागि लघु उद्यमी समूह, सहकारी, खरिद गर्ने संस्था, समूदाय वा सम्विन्धत व्यक्ति सँग वजार सम्वन्ध विकासका लागि सहजकर्ता र सम्विन्धत वडा एवम् नगरपालिका द्वारा गरिने आवश्यक सम्पर्क समन्वय तथा सहकार्य भन्ने वुझ्नु पर्छ।

(ज) "लघु उद्यमी समूह/व्यवसाय दर्ता" भन्नाले समुह गठन भई उद्यमशिलता विकास तालिम लिएका सहभागिहरु मध्यवाट व्यवसायिक योजना, छनौट भएको उद्यमको प्रकृति र आवश्यकताको आधारमा विभिन्न समूहमा आवद्ध गरी आवश्यकता अनुसार छोटो मध्यम वा लामो अवधिको सीप विकास तालिम लिई व्यक्तिगत साझेदारी वा सामूहिक रुपमा गरिने पेशा/व्यवसायको अभिलेख सम्झनु पर्दछ।

(झ) "दर्ता शुल्क" भन्नाले प्रत्येक लघु उद्यमी समूहको छुट्टाछुट्टै अभिलेख राख्दा लाग्ने न्यूनतम शुल्क वुझ्नु पर्दछ।

(ञ) "प्रमाण पत्र" भन्नले लघु उद्यमी समूह दर्ता गरिएवापत नगरपालिकाले सो लघु उद्यमी समूहलाई प्रदान गर्ने प्रमाण पत्र सम्झनु पर्छ। प्रत्येक समूहलाई नगरपालिकाले एकएक प्रति प्रमाण पत्र उपलब्ध गराउनेछ।

(ट) "कर" भन्नाले दर्ता गरी लघु उद्यमी समूहले व्यक्तिगत तथा सामूहिक रुपमा सञ्चालन गरेको उद्यम/व्यवसाय वापत लाग्ने न्युनतम् शुल्क भनी सम्झनु पर्छ।

(ठ) "दर्ता नविकरण" भन्नाले पहिले दर्ता भैसकेको लघु उद्यमी समूहलाई कानुनी रुपमा निरन्तरता दिनका लागि गरिने पुर्नर अभिलेख सम्झनु पर्छ ।

(ड) "सेवा सुविधा" भन्नाले दर्ता गरिएका लघु उद्यमी समूहहरुको (SWOT) विश्लेषणका आधारमा माग र आवश्यकता पहिचान गरी उद्यम/व्यवसायको स्तरोन्नति एवम् विस्तारका लागि सो लघु उद्यमी समूहलाई प्रदान गरिने एड्भान्स सीप विकास तालिम,अनुदान रकम तथा उपयुक्त प्रविधि भनी सम्झनु पर्दछ ।

**३. लघु उद्यम/ लघु उद्यमी समूह दर्ताको लागि निवेदनः (१)** लघु उद्यम वा लघु उद्यमी समूह दर्ता गर्ने चाहने व्यक्तिहरुले आर्थिक ऐनले तोके बमोजिमको दस्तुर सहित सम्बन्धित वडा कार्यालयमा अनुसुचि -१ मा तोकिएको ढाँचामा निवेदन दिनुपर्दछ ।

(२) उपदफा १ वमोजिम लघु उद्यम वा लघु उद्यमी समूह दर्ताका लागि निवेदन दिंदा विधान, समूहका सदस्यहरुको नागरिकताको प्रतिलिपिलगायतका आवश्यक कागजातहरु अनिवार्य संलग्न गर्नुपनेछ ।

४. **लघु उद्यम/लघु उद्यमी समूह दर्ता र प्रमाण-पत्रः** (१) दफा ३ बमोजिमको निवेदन प्राप्त भएपछि वडा सचिवले आवश्यक जाँचवुझ गरी लघु उद्यम/लघु उद्यमी समूह दर्ता गर्न उचित ठानेमा अनुसुचि २ बमोजिमको विधान स्विकृत गरी अनुसुचि -३ वमोजिमको ढाँचामा दर्ता कितावमा समूह दर्ता गर्नु पर्नेछ र त्यसरी संस्था दर्ता गरिसकेपछि अनुसुची -४ वमोजिमको ढाँचामा लघु उद्यम/लघु उद्यमी समूह दर्ता को प्रमाण-पत्र दिनु पर्नेछ ।

(२) दर्ताका लागि वडा कार्यालय समक्ष पेस भएको निवेदन उपर अध्ययन गर्दा लघु उद्यम/लघु उद्यमी समूह दर्ता गर्न नमिल्ने उचित कारण देखिएमा दर्ता गर्न नमिल्ने जानकारी वा सुचना निवेदकलाई दिनु पर्नेछ । निवेदकलाई त्यस्तो सुचना प्रति चित्त नवुझेमा जानकारी प्राप्त गरेको मितिले ३५ दिन भित्र उक्त निर्णय उपर नीलकण्ठ नगरपालिकाको न्यायिक समितिमा उजुरी गर्न सक्नेछ ।

(३) दफा (२) वमोजिमको उजुरी सम्वन्धमा सम्वन्धित निकाय वाट प्राप्त निर्णय वमोजिम हुनेछ । सम्वन्धित निकायवाट लघु उद्यम/लघु उद्यमी समूह दर्ता गर्न आदेश गरेमा सम्बन्धित वडाको वडा सचिवले लघु उद्यम/लघु उद्यमी समूह दर्ता गरिदिनु पर्नेछ ।

५. **लघु उद्यम/लघु उद्यमी समूह दर्ताको अवधि नवीकरण दस्तुर र सुचिकृतः** (१) दफा (४) वमोजिम गरिएको दर्ताको प्रमाण-पत्रको मान्यता एक आर्थिक वर्ष सम्म रहनेछ ।

(२)दफा(१) वमोजिम लघु उद्यम/लघु उद्यमी समूह दर्ता मान्यता कायम रहने अवधि समाप्त भएको मितिले ३ महिना भित्र आर्थिक ऐनमा उल्लेख भएको रकम तिरी वडा सचिव तथा निजले तोकेको अधिकारीवाट दर्ताको प्रमाण-पत्र नविकरण गराउनु पर्नेछ ।

(३) दफा (२) वमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नविकरण हुन नसकेको मनसिव कारण देखाई दर्ताको प्रमाण पत्र नविकरण को लागि आवेदन आएमा वडा सचिव वा निजले तोकेको अधिकारीवाट दफा (२) वमोजिम लाग्ने दस्तुरमा देहाय वमोजिमको थप दस्तुर लाई नविकरण गरी दिन सक्नेछ ।

(क) उपदफा (२) वमोजिमको म्याद नाघेपछि थप तीन महिना सम्मको लागि नविकरण शुल्कको २५प्रतिशत थप

(ख) खण्ड (क) को म्याद नाघे पछि थप ३ महिना ५० प्रतिशत र त्यसपछि आषाढ मसान्त सम्मको लागि ७५ प्रतिशत लाग्नेछ ।

(ग) खण्ड (ख) को म्याद नाघे पछि प्रत्येक वर्षको १०० प्रतिशतका दरले थप जरिवाना र तोकिए अनुसारको दस्तुर लाग्नेछ ।

(घ) पाँच वर्ष सम्म लघु उद्यम/लघु उद्यमी समूह नविकरण नभएमा स्वतः खारेजी भएको मानिनेछ ।

(४) उपदफा (२) मा जे जस्तो कुरा लेखिएता पनि कुनै लघु उद्यम/लघु उद्यमी समूहले वढीमा ५ वर्ष सम्मको लागि एकै पटक समूह दर्ता प्रमाण-पत्र नविकरण गर्न निवेदन दिन आएमा वडा सचिव तथा निजले तोकेको अधिकारीले त्यस्तो त्यस्तो लघु उद्यम/लघु उद्यमी समूह गरी आएको कामको प्रकृति र अवस्था हेरी प्रत्येक वर्षको आर्थिक ऐनमा तोकिएको दरमा दस्तुर लिई एक मुस्ट ५ वर्ष सम्मको लागि दर्ता प्रमाण-पत्र नविकरण गर्न सक्नेछ ।

(५) दर्ता प्रमाण-पत्र नविकरण गर्ने लघु उद्यम/लघु उद्यमी समूहले निवेदन दिंदा लघु उद्यम/लघु उद्यमी समूह नविकरण गर्ने निर्णय सहित कार्य समितिका पदाधिकारीहरुको नामावली संलग्न गर्नु पर्नेछ ।

(६) दफा ४ र ५ वमोजिम दर्ताको प्रमाण-पत्र नविकरण गरेको जानकारी वडा कार्यालयले नगर कार्यपालिकाको कार्यालय, सङ्घीय तथा प्रदेश कानुनले तोकेको अधिकारीलाई दिनु पर्नेछ ।

(७) प्रचलित ऐन कानुन वमोजिम परिधि भित्र रहेर विगतका अन्य निकायमा दर्ता भई यस नगर क्षेत्रलाई कार्य क्षेत्र वनाई सञ्चालनमा आएका तथा हुन आउने लघु उद्यम/लघु उद्यमी समूह नविकरणका लागि सिफारिस माग गर्न आएमा र कार्य क्षेत्र का लागि अनुमति माग्न आएमा यस नीलकण्ठ नगरपालिकामा सुचिकृत पछिमात्र सिफारिस र कार्य क्षेत्र अनुमति दिईने छ । त्यसरी नविकरण सिफारिस गर्दा आवश्यक कागजात पेश गर्नु पर्नेछ ।

(८) यस नगरपालिकालाई कार्य क्षेत्र वनाई काम गर्ने लघु उद्यमी समूहले यो कार्यविधि स्वीकृत भएको मितिले ६ महिना भित्रमा यस नगरकार्यपालिकाको कायार्लयमा सुचिकृत हुनु पर्नेछ ।

६. कार्य समितिको वैठक र निर्णयः (१) लघु उद्यमि समूहले गठन गरेको कार्यसमितिको वैठक सामान्यतया महिनाको एक पटक वसी तोकिएको रकम वचत स्वरुप सङ्कलन गर्नसक्नेछ ।

(२) समितिको वैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा वस्नेछ र त्यस्तो वैठकको सूचना कम्तिमा सात दिन अगावै सदस्यहरुलाई जानकारी दिनु पर्नेछ ।

(३)समितिको कुल सदस्य मध्ये ५१% सदस्यहरुको उपस्थित भएमा वैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ तर गणपुरक संख्या नपुगी दोस्रो पटक वोलाउनु पर्ने भएमा एक तिहाई सदस्यको उपस्थिति गणपुरक सदस्य मानिनेछ ।

(४) वैठकको अध्यक्षता समूहका अध्यक्षले गर्नेछ। यदि अनुपस्थित रहेमा उपाध्यक्ष र उपाध्यक्षको पनि अनपस्थितमा समितिको सदस्यहरु मध्यवाट सवै भन्दा जेष्ठ सदस्यले गर्नेछ।

(५) वैठकमा छलफल गरिने विषय र त्यसको क्रम अध्यक्षले तोकिए वमोजिम सचिवद्वारा गरिनेछ। कार्य समितिका कुनै सदस्यले कुनै विषयमा पेश गरेको प्रस्ताव उपर पनि छलफल गर्ने सकिनेछ।

(६)वैठकमा पेश भएका विषयहरुको निर्णय सामान्यतया साधारण वहुमतको आधारमा हुनेछ। मत वरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णाक मत दिनेछ।

(७) कार्यसमितिले आवश्यक देखेमा कुनै विशेष व्यक्तिलाई वैठकमा आमन्त्रण गर्ने सक्नेछ।

(८) कार्यसमितिको वैठकमा सदस्य स्वयम् अनिवार्य उपिस्थत हुनुपर्नेछ। यदि कारण वस उपस्थित हुन सम्भव नदेखिएमा कम्तिमा ३ दिन अगावै सम्वन्धित विषयमा जानकारी गराउनुपर्नेछ।

(९) सम्विन्धत कार्यक्षेत्र हेर्ने वडा समिति, वडा सचिव, उद्यम विकास सहजकर्ता तथा शाखाले प्रत्येक लघु उद्यमी समूहले तोकिएको समयमा वैठक वसे/नवसेको ,वचत सङ्कलन गरेको नगरेको ,वचतको उचित सदुपयोग भए नभएको जानकारी लिई माग र आवश्यकता पहिचान गरी थप नयाँ लघु उद्यमी सहकारी गठनका लागि आवश्यक सहजीकरण र समन्वय गर्नुका साथै थप एड्भान्स सीप विकास तालिम ,अनुदान र उपयुक्त प्रविधिकमा पहुँच तथा हस्तान्तरणका लागि समेत आवश्यक सहयोग गर्नुपर्नेछ।

७. **समूहको साझेदारी र स्वीकृतः** (१) प्रत्येक लघु उद्यमी समूहको कार्य प्रगति,माग तथा आवश्यकता वमोजिम समूहले दिएको निवेदन र प्राथमिकताका आधारमा विभिन्न एड्भान्स सीप विकास तालिम ,अनुदान,उपयुक्त प्रविधिमा पहुच तथा हस्तान्तरण एवम् उत्पादित वस्तु /सेवाको वजारीकरमामा यस नगरपालिकाले आवश्यकता अनुसार साझेदारीमा गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत भैरहेका उद्यमीहरुको स्तरोन्नतिका विभिन्न तालिम/कार्यक्रम सञ्चालन गर्नेछ। साथै नगरपालिकामा सञ्चालन हुने अन्य विभिन्न कार्यक्रमहरु कार्यालयले तोके बमोजिम सञ्चालन गर्नेछ।

८. **समूहको वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने:** यो कार्यविधि अनुसार सञ्चालन भएका र सञ्चालन हुने लघु उद्यमी समूहहरुले आफूले वर्ष भर गरेको कामको वार्षिक प्रगति प्रतिवेदन र आम्दानी खर्च को विवरण हरेक आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। प्रगति प्रतिवेदन र आय -व्याय विवरण तयार गर्दा सम्वन्धित कार्य क्षेत्र हेर्ने उद्यम विकास सहजकर्ताको सहयोग लिन सकिनेछ। आय व्याय विवरण पेश नगरेमा सम्वन्धित लघु उद्यमी समूहलाई जरिवाना का साथै दर्ता खारेजी सम्म गर्न सकिनेछ।

९. **यो कार्यविधि लागु हुनु भन्दा पहिले अन्य निकायमा दर्ता भएका तथा दर्ता नै नभएका संस्थाको नविकरण तथा दर्ता सम्वन्धी व्यवस्थाः**यस नगरपालिकालाई कार्य क्षेत्र वनाई विगतमा अन्य निकायमा दर्ता भई लघु उद्यमी समूह नविकरणका लागि सिफारिस माग आएमा सम्वन्धित निकायमा दर्ता गरेको सक्कल प्रमाण पत्रको आधिकारिक प्रतिलिपि यस कार्यालयमा पेश गरी नविकरण गरेरमात्र यस नगरपालिका क्षेत्रमा आफ्नो कार्यक्रम सञ्चालन गर्न पाउनेछन् साथै दर्ता नै नभएका लघु उद्यमी समूहले आवश्यक कागजात सहित दर्ता गर्नका लागि नगरपालिका कार्यालयमा निवेदन पेश गर्न सकिनेछ।

१०.**समूहको नियमन तथा अनुगमनः** यस नगरपालिकालाई कार्य क्षेत्र वनाई यस कार्यविधि अनुसार दर्ता भई वा स्वीकृति लिई काम गर्ने सम्वन्धित लघु उद्यमी समूहको नियमन अनुगमन गर्न सक्नेछ। प्रत्येक लघु उद्यमी समूहको व्यवसायिक अवस्था ,आर्थिक प्रगति,उत्पादित वस्तुको गुणस्तर नियन्त्रण, नियमित व्यवसायिक परामर्शका लागि नगरपालिकाले सम्विन्धत कार्य क्षेत्र हेर्ने उद्यम विकास सहजकर्तालाई आवश्यक निर्देशन वमोजिम जिम्मेवारी दिन सक्नेछ।

११.**यो कार्यविधिको व्याख्याः** यस कार्यविधिमा प्रस्ट उल्लेख नगरिएका वा व्यवस्था नभएका विषयमा व्याख्या गर्ने अधिकार प्रचलित कानुन वमोजिम हुने र संसोधन, निर्णय गर्ने अधिकार नगरपालिकालाई हुनेछ।

१२.**खारेजी तथा वचाउः** यो कार्यविधि लागु हुनु पुर्व लघु उद्यमी समूह दर्ता तथा परिचालन सम्वन्धमा भएका काम यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ।

१३.**संसोधन** : यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा कार्यपालिकाले संसोधन गर्न सक्नेछ।

१४.**प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख भएका बुँदाहरु प्रचलित कानूनसँग बाझिएमा हकमा बाँझिएको हकमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

अनुसूची १

## लघु उद्यमी समूहको निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू, मितिः

नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धादिङ

**विषयः समूह दर्ता गरिपाउँ ।**

हामीले .........................................................................लघु उद्यमी समूह दर्ता गर्न चाहेकाले नीलकण्ठ नगरपालिकाको लघु उद्यमी समूह दर्ता तथा व्यवस्थापन कार्यविधि -२०८२ वमोजिम समूह दर्ता गर्नका लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं।

१.लघु उद्यमी समूहको नाम :

२.लघु उद्यमी समूहको उद्देश्यहरु :

(क) ...................................................................................

(ख) ................................................................................

(ग) ..................................................................................

३. लघु उद्यमी समूहको कार्य क्षेत्र : ..............................................................................

४. कार्य समितिको सदस्यहरुको :

| क.सं | नाम | ठेगाना | मोवाईल नं. | पेसा |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |

५.आर्थिक स्रोत :

६.लघु उद्यमी समूहको ठेगाना :

७.सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं. ...........................................................

निवेदक

अनुसूची २

## <u>लघु उद्यमी समूहको विधानको ढाँचा</u>

............ लघु उद्यमी समूहको को विधान,

२०........

प्रस्तावनाः ............................को विधान नीलकण्ठ नगरपालिकाको लघु उद्यमी (दर्ता तथा व्यवस्थापन) कार्यविधि, २०८२ का अधीनमा रही तर्जुमा गरिएको छ।

परिच्छेद—१

**प्रारम्भिक**

१. **<u>समूहको नामः</u>** यस समूहको नाम .................................... रहने छ । अंग्रेजीमा यस समूहको नाम .......................... रहने छ। यसलाई नेपाली भाषामा छोटकरीमा भन्नुपर्दा ...................................भनिने छ ।

(क) **समूहको कार्यालय रहने ठेगानाः** यस समूहको कार्यालय ................मा रहनेछ। यसको सम्पर्क कार्यालय आवश्यकता अनुसार अन्यत्र स्थानमा पनि रहन सक्ने छ ।

(ख) **संस्थाको कार्यक्षेत्रः** यस ................... को कार्यक्षेत्र नीलकण्ठ नगरपालिकाको वडा नं. .............. सञ्चालन हुनेछ।

(ग) **प्रारम्भः** यो विधान संस्था दर्ता भएका मितिदेखि प्रारम्भ हुनेछ ।

(घ) **समूहको अस्तित्वः** यो समूह एक अविच्छिन्न उत्तराधिकारवाला, सङ्गठित, स्वशासित, नाफामुलक हुनेछ।

२. **<u>समूहको छाप र चिह्नः</u>** प्रचलित कानुनी व्यवस्थाका प्रतिकूल नहुने गरी समूहकोको एउटा छुट्टै छाप हुने छ । सो छाप र त्यसमा रहने चिन्ह अनुसूची-१ बमोजिमको ढाँचामा हुनेछ । तर, उक्त छाप र चिह्न पूर्व दर्ता भएको कुनै समूहसँग सम्पूर्ण रूपमा मेल खाएमा संशोधन प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिने छ ।

## परिच्छेद—२

### उद्देश्य तथा सदस्यता

३. **समूहको मूल नारा र उद्देश्यः** (१) यस समूहको मूल नारा " ....................................... " हुनेछ ।

(२) उपदफा (१) बमोजिमका मूल नारा बमोजिमका अभिष्ट प्रासिका लागि................. मुनाफा मुलक समूह हुनेछ । यस प्रयोजनका लागि समूहका उद्देश्य देहायबमोजिम हुनेछः-

(क) यो समूह नाफामुलक समुह हुने।

(ख) सामूहिक वचत तथा वचतको उचित परिचालन गराउने।

(ग) लघु उद्यमी समूहहरुलाई कानुनी रुपमा मान्यता दिने।

(घ) निरन्तर रुपमा उद्यम/व्यवसाय सञ्चालन गरेको/नगरेको भनी आवश्यक जानकारी लिने।

(ङ) सहजकर्ता मार्फत उद्यम/व्यवसायको स्तरोन्नति तथा विस्तारका लागि नियमित अनुगमन,व्यवसायिक परामर्शका सेवा उपलव्ध गराउने।

(च) लघु उद्यमी समूहको माग र आवश्यकता अनुसार लघु उद्यमी सहकारी संघ र साझा सुविधा केन्द्र/कोसेली घर (Communiety Facility Center -CFC) स्थापनाका लागि आवश्यक समन्वय गर्ने।

(छ) लघु उद्यमी समूहको माग र आवश्यकता वमोजिम एड्भान्स सीप विकास तालिम,अनुदान तथा उपयूक्त प्रविधिको पहुँच सहित अन्य एकिकृत सेवा प्रदान गर्ने।

(ज) ....................................

४. **समूहको उद्देश्य प्रासिका लागि गर्ने कार्यहरूः** विधानको दफा ३ मा उल्लेख भएबमोजिमका उद्देश्य प्राप्त गर्ने समूहले देहायका कार्यहरू गर्नेछः

(क) ..........................................................................................,
(ख) ..........................................................................................,
(ग) ..........................................................................................,
(घ) ..........................................................................................,
(ङ) ..........................................................................................,

५. **समूहको सदस्य संख्याः** ५ जना देखि ११ जनासम्म एउटा लघु उद्यमी समूहमा रहन सक्नेछन्।

तर उद्देश्य र कार्य मिल्ने समूह भएमा यस दफामा उल्लेख भए भन्दा बढी सदस्य समूहमा राख्न कुनै बाधा पर्ने छैन।

परिच्छेद—३

## कार्यसमिति

६. **कार्यसमितिको गठनः** (१) समूहलाई व्यवस्थित रुपमा सञ्चालन तथा परिचालनको लागि समूहका सदस्यमध्येबाट देहायबमोजिम एक कार्यसमिति रहने छ।

(क) **अध्यक्ष**

(ख) **उपाध्यक्ष**

(ग) **कोषाध्यक्ष**

(घ) **सचिव**

(ङ) **बढीमा ५ जना सदस्य**

(२) उपदफा १ बमोजिमको कार्यसमितिमा समूहमा उपलब्ध भएसम्म अध्यक्ष उपाध्यक्ष र सचिवमध्ये एक जना महिला तथा सदस्य मध्ये २ जना महिला हुने गरी समावेशी प्रतिनिधित्व गराउनुपर्नेछ।

(३) उपदफा १ बमोजिमको कार्यसमितिको कार्यकाल २ वर्षको हुनेछ।

७. **कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य अधिकारः** (१) अध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

**(क)** समितिको वैठकको अध्यक्षता गर्ने।

**(ख)** सचिव तथा कोषाध्यक्षलाई आवश्यक निर्देशन दिने।

**(ग)** समूहका तर्फवाट प्रतिनिधित्व गर्ने गराउने।

**(घ)** समितिको निर्णय कार्यान्वयन गराउने।

**(ङ)** आवश्यकता अनुसार आफूमा निहित अधिकार प्रत्योजन गर्ने।

(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) अध्यक्षको अनुपस्थितिमा वैठकको अध्यक्षता गर्ने।

(ख) अध्यक्षको कार्यमा सहयोग पुर्याउने।

(ग) समूहको हितमा हुने कार्य गर्ने।

(३) सचिवको काम कर्तव्य र अधिकार

(क) अध्यक्षको निर्देशन अनुसार वैठक वोलाउने।

(ख) समितिको सुचना दिने।

(ग) समितिले पारित गरेको निर्णयको अभिलेख राख्ने र निर्णय कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने।

(घ) समूहको माग र आवश्यकता अनुसार वार्षिक कार्यक्रम पेस गर्ने।

(ङ) समूहको वार्षिक प्रगति विवरण तयार गरी पेस गर्ने।

(च) समितिको निर्णय क्रमवद्ध रुपमा दुरुस्त राख्ने

(छ) समूहको उद्देश्य प्राप्तिका लागि कुनै व्यक्ति वा संस्था सँग आवश्यक सम्पर्क राख्ने तथा राख्न लगाउने।

(ज) समूह/संस्थासँग सम्विन्धत कुराहरुको सम्वन्धमा कुनै अड्डा अदालत जाने कानून व्यवसायीसँग सल्लाह लिने जस्ता कार्य गर्ने गराउने।

(झ) कार्य समितिले निर्देशन गरे वमोजिम कार्य गर्ने

(ञ) नेपाल सरकार तथा कुनै दातृ निकायमा पेस गर्नु पर्ने प्रतिवेदन तयार गर्न लगाउने।

(ट) समूह/संस्थाको हितमा हुने अन्य कार्य गर्ने गराउने।

(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारहरुः

(क) समूह / संस्थाको आय -व्यायको विवरण दुरुस्त राख्ने तथा राख्न लगाउने

(ख) वार्षिक आर्थिक प्रतिवेदन तयार गरी समीतिमा पेस गर्ने

(ग) समूहको आय स्रोत जुटाउन सकृय रही सोही वमोजिम कार्य गर्ने गराउने।

(घ) समूहको लेखा सम्वन्धी जिम्मेवारी लिने।

(५) सदस्यको काम, कर्तव्य र अधिकारः समूहका सदस्यहरुले समूहको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने कार्य समीतिले निर्देशन गरे वमोजिम का कार्य गर्नेछन्।

(६) कार्य समितिका पदाधिकारी र अन्य सदस्यको काम ,कर्तव्य र अधिकार

(क) समुहको आगामी वर्षको माग, आवश्यकता तथा औचित्यका आधारमा थप एड्भान्स सीप तालिम,अनुदान तथा उपयुक्त प्रविधि माग गर्ने।

(ख) समूह/संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालिन गर्ने।

(ग) समुहका कुनै एक सदस्यलाई केहि समस्या आईपरेमा सो समस्या समाधानका लागि सम्वन्धित निकायमा सामूहिक रुपमा माग राख्ने।

(घ) समूहले सामूहिक रुपमा निर्माण गरेको आचारसंहिताको पूर्ण रुपमा पालना गर्ने।

## परिच्छेद-४

## विविध

८. **विधानमा संशोधनः** समूहको भेलाको निर्णयबाट यो विधान संशोधन गर्न सकिनेछ। दर्ता गर्ने अधिकारीबाट संशोधन स्विकृत भएपछी लागु हुनेछ।

९. **समूहको कोष तथा खाता सञ्चालनः** सम्वन्धित लघु उद्यमी समूहको छुट्टै कोष हुनेछ। कोषमा लघु उद्यमी समूहका सदस्यहरुद्वारा गरिने मासिक वचत तथा अनुदान पर्नेछ। सो खाताको सञ्चालन सम्वन्धित लघु उद्यमी समूहका अध्यक्ष, सचिव र कोषाध्यक्षको संयूक्त दस्तखतवाट सञ्चालन गरिनेछ।

१०. **लघु उद्यमी समूहको लेखापरिक्षणः** लघु उद्यमी समूहको आय-व्यायको लेखापरीक्षण प्रचलित कानुन वमोजिम हुनेछ।

## अनुसूची-३

## लघु उद्यमी समूह दर्ता किताव

श्री........................................................लघु उद्यमी समूहलाई नीलकण्ठ नगरपालिका ........... मा लघु उद्यम सम्बन्धी कानून तथा कार्यविधि वमोजिमका काम गर्ने तथा आवश्यकता अनुसार सहकार्य गर्ने प्रयोजनका लागि नीलकण्ठ नगरपालिकाको लघु उद्यमी समूह (दर्ता तथा व्यवस्थापन) सम्वन्धी कार्यविधि, २०८२ को दफा ४ को उपदफा (१) वमोजिम..............साल..............महिना...........गतेमा दर्ता गरिएको छ। समूह/संस्थाको नाम :

संसमूहको दर्ता नं. :

ठेगाना :

संस्थाको उद्देश्य :

१.

२.

३.

समूहको आर्थिक श्रोत :

सदस्य संख्या :

अध्यक्षको नाम : सम्पर्क नं. :

अभीलेख तयार गर्ने | रुजु गर्ने | स्वीकृत गर्ने

नविकरण सम्बन्धी विवरण

| सि.नं. | नविकरण मिति | बहाल रहने अवधि | रसिद नं. र दस्तुर | नविकरण गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसूची-४**

**लघु उद्यमी समूहलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा**

नीलकण्ठ नगरपालिका

...... नं. वडा कार्यालय,

................, ...............

**समूह दर्ता प्रमाण-पत्र**

मिति :

समूह दर्ता प्रमाण-पत्र नं. :

च.नं. :

प्रमाण-पत्र

श्री अध्यक्ष ज्यू, ....................

नीलकण्ठ नगरपालिका वडा नं. , धादिङ ।

मिति...............................को निणर्य अनुसार श्री .....................................................नामक लघु उद्यमी समूह लघु उद्यमी समूह (दर्ता तथा व्यवस्थापन) सम्वन्धी कार्यविधि, २०८२ को दफा ४(३) वमोजिम मिति .................................गते दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

स्थानीय अधिकारीको दस्तखत :

नाम,थर :

दर्जा :

**नविकरण सम्बन्धी विवरण**

| सि.नं. | नविकरण मिति | बहाल रहने अवधि | रसिद नं. र दस्तुर | नविकरण गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले,

पुरुषोत्तम सुवेदी

प्रमुख प्रशासकीय अधिकृत